## वनगाड कुपिण्डे नगरपालिकासल्यानको आ.व. २०७९।८० को वार्षिक वजेट

नगरसभा अध्यक्षज्यू

१.वनगाड कुपिण्डे नगरपालिकाको आ.व.२०७९।८० को वजेट प्रस्तुत गर्ने यस घडिमा सर्वप्रथम लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । यस गरीमामय नगरसभामा लोकतान्त्रिक अभ्यास अन्तर्गत यस क्षेत्रको जनताहरुको अमुल्य मतको सहयोगमा निर्वाचितको भएको नाताले यस नगरको समग्र विकासको लागि माग,आवश्यकता र आम सहमतिको आधारमा आ.व. २०७८।७९ को वजेट पेश गर्न पाएकोमा गौरावान्वित महशुस गरेको छु र यस नगरको विकासको लागि प्रतिवद्धता व्यक्त गर्दछु ।

२. वजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधान र कानुनहरु, नेपाल सरकार र कर्णाली प्रदेश सरकारका नीति तथा कार्यक्रम, पन्धौ योजना र दिगो विकास लक्षलाई आधार वनाईएको छ । वजेट तर्जुमा गर्दा राजश्व परमर्श समितिको सुझाव तथा प्रतिवेदन, विषयगत समिती तथा शाखाहरुको सुझाव, दातृ निकायका कार्यक्रम र वस्ति र वार्ड स्तरवाट छलफल भै आएका कार्यक्रमहरुलाई आधार वनाईएको छ ।

आ.व. २०७८।७९ का परिसुचकहरु

१. नगरपालिका वाट आ.व. २०७८।७९ को स्विकृत कार्यक्रम अनुसार करिव ८० प्रतिशत योजनाहरुसम्पन्न भई भुक्तानीको चरणमा रहेका छन् भने चालु आ.व. को अन्त्य सम्ममा करिव ९५ प्रतिशत योजनाहरु सम्पन्न हुने अवस्थामा छन् ।

२. संघीय सरकार, प्रदेश सरकार र दात्रि निकायवाट अनुदान प्राप्त कार्यक्रम तथा भौतिक पूर्वाधारका कार्यक्रमहरुसम्पन्नहुने चरणमा ।

३. नगरवाट क्रमागत योजानाको रुपमा रहेका खेतगारा मुलाखोला खानेपानी योजना र ग्रामिण विद्युतिकरण योजनाहरुको कार्य चालु आ.व. मा सम्पन्न भएका छन् । नगरपालिकाको प्रशासनीक भवन निर्माण कार्य परिस्थितीका वावजुत सन्तोषजनक रुपमा संचालन भइरहेको छ ।

५. आ.व. २०७८।७९ मा तोकिएको लक्ष्यको करिब ९० प्रतिशत भन्दा बढी राजश्व संकलन भएको छ ।

६. १५ शैयाको आधारभूत अस्पताल निर्माणका ठेक्का सम्झौता भइसकेको छ ।

